# अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम बडापत्र अनुमोदन गर्न दबाब

■ स्पेसटाइम संवाददाता

काठमाडौं, साउन १ । युद्ध अपराध, मानवताविरोधी अपराध तथा नरसंहारजस्ता घटनालाई निरुत्साहित गर्न अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम बडापत्रलाई सरकारले अनुमोदन गर्नुपर्ने विचार पूर्वन्यायाधीश तथा मानवअधिकारवादीले व्यक्त गरेका छन् ।

विश्व न्याय दिवसको सन्दर्भमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा आयोजित 'अन्तर्राष्ट्रिय फौजदारी अदालत र मानवअधिकार' छलफल कार्यक्रममा उक्त विचार व्यक्त गरिएको हो ।

कार्यक्रममा सर्वोच्च अदालतका पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्यालले मानवताको आधारमा विश्वव्यापी सिद्धान्तको रूपमा मानिएका कुरा स्वीकार गर्नुपर्ने बताउनुभयो । उहाँले प्रजातान्त्रिक मुलुकले मानवअधिकार उल्लंघन गर्नेलाई दण्डको व्यवस्था गर्नुपर्ने स्पष्ट पार्नुभयो । अर्यालले अहिले भइरहेको अपराधलाई दण्डित गर्ने देवानी तथा फौजदारी कानुन अपर्याप्त भएको बताउनुभयो ।

सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजंग रायमाझीले 'अपराध गर्नेले सजाय पाउनैपर्ने तर नेपालको सन्दर्भमा यो हराएजस्तो भएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा रायमाझीले आन्तरिक द्वन्द्वमा परेकाले उपचार पाउन नसकेको विचार व्यक्त गर्दै राज्यका हरेक पक्षले मानवअधिकार उल्लंघन गर्नु नहुने बताउनुभयो । युद्धको अवस्थामा पनि मानवअधिकारको न्यूनतम मापदण्ड तोकिनुपर्ने तथा अपराधीलाई दण्डको व्यवस्था गर्न उचित कदम चालिनुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, 'अन्तर्राष्ट्रिय फौजदारी अदालतलाई समझदारी जनाउनुबाहेकको विकल्प छैन ।'

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेलले मानवअधिकार उल्लंघनका घटना राज्य पक्षबाट भएमा त्यसको जवाफदेहिता राज्यले लिनुपर्ने बताउनुभयो । एम्नेस्टी इन्टरनेसनलका निर्देशक राजेश सरकारले बडापत्र शक्तिशाली राष्ट्रको इशारामा चलेर तथा सत्ताधारीले भोलि आफैले सजाय व्यहोर्नु पर्नसक्ने संकीर्ण मानसिकताका कारण सरकारले अनुमोदन नगरेको आरोप लगाउनुभयो ।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम बडापत्रको अनुमोदन गर्नुपर्नेमा जोड दिँदै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, अन्तर्राष्ट्रिय रेडक्रसका कृष्ण चालिसे तथा अधिवक्ता हरि फुयालगायतले बोल्नुभएको थियो ।

स्पेसटाइम दैनिक २०६०/०४/०२